त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति: २०८१।०१।२४

# स्नातकोत्तर (M. Sc.) तहमा रिक्त स्थानमा भर्नाका लागि पुनः आवेदन (अन्तिम तथा तेस्रो चरण) सम्बन्धी सूचना ।

शैक्षिक वर्ष २०८०।८१ मा यस क्याम्पसको स्नातकोत्तर (M. Sc.) तहका केही कार्यक्रमहरुमा भर्ना नभई तथा भर्ना रद्द भई निम्नानुसार स्थान रिक्त रहन गएको तथा भर्ना रद्द गरी थप स्थान रिक्त हुन गएमा ती सबै स्थानहरूमा भर्ना हुन चाहने आवेदकहरूको लागि पुन: आवेदन (अन्तिम तथा तेस्रो चरण) फाराम भर्न यो सूचना प्रकाशन गरिएको छ ।

- पुनः आवेदनका लागि २०८१ वैशाख २६ गते १०:०० बजेदेखि ३:०० बजेभित्र पुल्चोक क्याम्पसको Web site pcampus.edu.np मा उपलब्ध Online आवेदन फाराम भरी बुझाउनु पर्नेछ । फाराम भर्दा प्रति विषय रू ५०० का दरले लाग्नेछ । कुनै विषयको नियमित (Regular) र पुर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सोलाई दुइ विषय मानिनेछ ।
- आवेदकले आफुले राख्ने प्राथमिकता अनुसारको शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खातामा पहिले नै जम्मा गरि Online आवेदन फाराम भर्नु पर्ने छ ।
- बैंक भाउचर भर्दा २०८०/१२/०४ मा प्रकाशित सुचनामा संलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ । जस्तैः कुनै आवेदकको IOE Entrance Exam को Roll No. २०८०-१६०२६ भएमा यसै सूचनामा संलग्न नमुना बैंक भाउचरमा जस्तै Roll No. लेख्दा १६०२६ मात्र लेख्नु पर्नेछ।
- **इन्जिनियरिङ अध्ययन संस्थानद्वारा लिइएको स्नातकोत्तर (M. Sc.) तहको प्रवेश परीक्षा २०८० मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरूले पुन: आवेदन दिन सक्नेछन्:**

क) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरूमा फाराम भर्न छुट भएकाहरु ।

ख) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरूमा फाराम भरी नाम प्रकाशित नभएकाहरु ।

ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरू ।

घ) कक्षा सुरु भएको एक हप्ता सम्ममा भर्ना रद्द गरेकाहरू ।

ङ) कक्षा सुरु भइसकेको हुँदा, इ. अ. सं. का आङ्गिक क्याम्पसका कुनै पनि कार्यक्रममा भर्ना नभएकाहरू ।

- **<u>हाल रिक्त सिट संख्या</u>**

| SN. | Program | Vacant Seats | |
|---|---|---|---|
| | | Open | Female |
| 1. | Computer Eng ... Network and Cyber Security Regular(7) | 1 | - |
| 2. | Computer Eng ... Network and Cyber Security Full Fee(8) | 1 | - |
| 3. | Water Resources Engineering Full Fee(16) | 1 | - |
| 4. | Geotechnical Engineering Regular(19) | 1 | - |
| 5. | Geotechnical Engineering Full Fee(20) | 1 | - |
| 6. | Disaster Risk Management Full Fee(24) | 1 | - |
| 7. | Hydropower Engineering Full Fee(28) | 1 | - |
| 8. | Renewable Energy Engineering Full Fee(30) | 0 | 1 |
| 9. | Material Science and Engineering Full Fee(38) | 1 | - |
| 10. | Climate Change and Development Full Fee(40) | 1 | - |
| 11. | Urban Planning Full Fee(44) | 1 | - |
| 12. | Architecture Full Fee(50) | 2 | - |
| Total | | 12 | 1 |

हाल सम्म उपरोक्त बमोजिम स्थान रिक्त भएतापनि सूची प्रकाशन पूर्व कुनै भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरी सूची प्रकाशन गरिनेछ ।

- भर्ना भइसकेका आवेदकहरुले भर्ना रद्द गरेको खण्डमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन आउन सक्नेछ । तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ ।
- यस क्याम्पस लगायत कुनै पनि आङ्गिक क्याम्पसमा भर्ना भइसकेका विद्यार्थीहरूले आवेदन दिन नपाउने भएता पनि यस क्याम्पसको कुनै कार्यक्रमको नियमित तर्फको रिक्त रहेको स्थानमा सोही कार्यक्रममा पूर्णशुल्किय तर्फ भर्ना भइसकेका विद्यार्थीहरूले भने आवेदन दिन पाउनेछन् । यसरी आवेदन दिने आवेदकहरूको सूची निकाल्ने क्रममा भर्ना भइसकेका पूर्णशुल्किय तर्फका विद्यार्थी निजको योग्यताक्रम तथा प्राथमिकताको आधारमा नियमित तर्फ स्थानान्तरण हुन सक्नेछन् । अतः आवेदन फाराममा प्राथमिकताक्रम राख्दा नियमित तर्फको रिक्त रहेको कार्यक्रमको हकमा त्यस कार्यक्रमको पुर्णशुल्किय तर्फ पनि राख्न सूचित गरिन्छ । यसरी पुर्णशुल्किय तर्फको विद्यार्थी नियमित तर्फ स्थानान्तरण भइ खालि हुन आएको पूर्णशुल्किय तर्फको स्थानमा भर्ना सूची अनुसारका आवेदक भर्ना भइसकेको खण्डमा मात्र यस अघि भर्ना भइसकेको विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गरिनेछ । **तसर्थः यस सिट सङ्ख्याको सूचिमा नियमित भए पनि त्यस कार्यक्रममा पुर्णशुल्किय तर्फ पनि प्राथमिकता राखि फारम भर्न हुन सूचित गरिन्छ।**

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- उपरोक्त आवेदकहरूले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार निम्न भर्ना कार्यक्रम अनुसारका भर्ना सूची तथा वैकल्पिक सूची प्रकाशन गरिनेछ । भर्ना सुचीमा भएका आवेदकहरूले भर्ना नगरी स्थान रिक्त रहन गएमा वैकल्पिक सूची अनुसार क्रमशः भर्ना गरिनेछ ।

## स्नातकोत्तर (M. Sc.) तहको पुनः आवेदनको भर्ना कार्यक्रम

| सि. नं. | कार्यक्रम | | मिति र समय |
|---|---|---|---|
| १. | Online आवेदन फाराम भर्ने | : | २०८१/०१/२६ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म। |
| २. | अन्तिम भर्ना सूची तथा वैकल्पिक सुची प्रकाशन | : | २०८१/०१/२७ गते बिहान १०:०० बजे । |
| ३. | अन्तिम भर्ना सूची तथा वैकल्पिक सुची उपर दाबि विरोध | : | २०८१/०१/२७ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| ४. | संशोधित अन्तिम भर्ना सूची तथा वैकल्पिक सुची प्रकाशन | : | २०८१/०१/२७ गते साँझ ५:०० बजे । |
| ५. | अन्तिम सूचीको भर्ना | : | २०८१/०१/२८ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| ६. | वैकल्पिक सूचीको भर्ना | : | २०८१/०१/३० गते बिहान १०:०० बजे देखि मध्यान्ह १२:०० बजेसम्म । |

**द्रष्टब्य:**

- **उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।**

अध्यक्ष
भर्ना समिति २०८०